# भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०९/१४**

भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने कार्यक्रम भएकाले यस कार्यक्रमका लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र उद्यमशीलता विकास तालिमका लागि अनुसूची -१ बमोजिमको ढाँचामा र प्रविधि स्तरोन्नतिमा सहयोगका लागि अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**अनलाइन फारम https://bams.iedi.gov.np मार्फत भर्न सकिनेछ ।**

फारमको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा उपलब्ध छ ।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
(An ISO 9001:2015 Certified Institution)
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९
https://iedi.gov.np

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं


पत्र संख्याः ०८२/८३

चलानी नं.: ९८०

मितिः २०८२/०९/१४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषयः भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने लक्ष्यले मिति २०८२/०९/१४ को गोरखापत्रमा सम्बन्धित लाभग्राहीलाइ फारम भर्न प्रतिष्ठानले सूचना प्रकाशित गरेको छ। लक्षित लाभग्राहीहरूले अनलाइन मार्फत https://bams.iedi.gov.np मा गएर फारम भर्न सक्ने तथा प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा गएर फारम डाउनलोड गरि भौतिक रूपमै प्रतिष्ठानमा उपस्थित भई आवेदन पेश गर्न सक्ने व्यवस्था प्रतिष्ठानले गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। तहाँ मन्त्रालय, अन्तर्गतका कार्यालयहरू, सबै पालिका र अन्य सरोकार निकायहरूमा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सूचना सम्प्रेषण गरी दिनुहुन सादर अनुरोध गर्दछु।

.................................

इ. उमेश कुमार गुप्ता

कार्यकारी निर्देशक

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

प.सं.२०८२/०८३

च.नं. ६८

सिंहदरबार, काठमाडौं ।

मिति २०८२/०९/१६

११४६ पोहेलाथ्व

**विषयः- भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमा।**

श्री स्थानीय तह(सबै)

प्रस्तुत विषयमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ०८२/८३, च.नं. १४०, मिति २०८२/०९/१४ को पत्रसाथ प्राप्त "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना" मिति २०८२/०९/१४ गतेको गोरखापत्रमा प्रकाशित सूचनाको प्रतिलिपी संलग्न गरी सो कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि यस मन्त्रालय र अन्तर्गतका कार्यालयहरु, सबै पालिका र अन्य सरोकार सबै स्थानीय तहलाई जानकारी गराउन लेखी आएकोले सोही कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त पत्र र सूचनाको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/०९/१६

(हरिप्रसाद पौडेल)

शाखा अधिकृत

श्री उद्यम विकास शाखा
पत्रमा उल्लेख भए अनुसार सबै उद्यमीहरुलाई सहजिकरण गर्न
९/२०

दर्ता नं. : ८१४
मिति : २०८२/०९/२०
मालिका गा.पा. दरबाङ, म्याग्दी

बोधार्थः-

श्री औद्योगिक व्यवसाय विकास प्रतिष्ठान,

त्रिपुरेश्वर, काठमाडौं।

श्री सूचना प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारः- सम्बन्धित स्थानीय तहको Portal र मन्त्रालयको website मा upload गरिदिनु हुन।